# थुलुङ दुधकोशी गाउँपालिका
# सोलुखुम्बु

कार्यवाहक अध्यक्ष श्री सविता राई ज्यूले गाउँसभाको सोह्रौं अधिवेशनमा प्रस्तुत गर्नुभई गाउँसभाबाट पारित भएको

# थुलुङ दुधकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम
# २०८३/८४

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली
कोशी प्रदेश, नेपाल

**यस सम्मानित गाउँसभाका सदस्यज्यूहरु।**

आजको यो ऐतिहासिक गाउँसभामा थुलुङ दुधकोशी गाउँपालिकाको आ.व २०८३/०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

सर्वप्रथम, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागी नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनयुद्ध, जनआन्दोलन लगायत व्यवस्था परिवर्तनको लागि भएका विभिन्न आन्दोलनहरुको उच्च सम्मान गर्दै समावेशिता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता तथा न्याय एवं समानताको खातिर जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई सम्मान व्यक्त गर्दछु।

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको गाउँसभा संचालन कार्यविधि ऐन २०७५ बमोजिम यो गाउँसभा संचालन भइरहेको व्यहोरा अवगत गराउँदछु।

**सभासदस्यज्यूहरु,**

यस सम्मानित गाउँसभामा अब म आर्थिक वर्ष २०८३/०८४ को नीतिको समीक्षा प्रस्तुत गर्न चाहन्छु।

१. वडा नं. ५ जुबुमा निर्माणाधिन १० शैयाको अस्पतालको ८० प्रतिशत भौतिक प्रगति भएको छ ।

२. प्रदेश स्तरीय खेल मैदान निमार्णको ७५ प्रतिशत भौतिक प्रगति भएको छ।

३. नेलेदेखि पालिका केन्द्र सम्मको सडक कालोपत्रे कार्यको ६० प्रतिशत कार्य सम्पन्न भएको छ ।

४. नेले-देउसा-दिप्लिघाट सडक कालोपत्रेको कार्य सूरु भइ स्टक्चरको कार्य धमाधम भइरहेको छ।

५. थुलुङ दुधकोशी आवास भवन निर्माण सम्पन्न भइ हस्तान्तरण गर्न बाँकी रहेको छ ।

६. थुलुङ दुधकोशी बहुप्रविधिक शिक्षाकलयको भवन निर्माण कार्य सम्पन्न भइ निर्माण कम्पनीको तर्फबाट हस्तान्तरण गर्न बाँकी रहेको छ ।

७. गाउँपालिकाको वडा नम्बर-६ मुक्ली र वडा नम्बर-५ जुबु जोड्ने दुधकोशी नदिमा गाउँपालिका र दुधकोशी हाइड्रोवारको समन्वयमा बेलीब्रीज निर्माणको कार्य भइरहेको छ । यसबाट कोशी पारीका तीन वटा वडाहरु वडा नम्बर ४, ५ र ९ का नागरिकलाई गाउँपालिका केन्द्र तथा राजधानी जान आउनका लागि सहज हुनेछ ।

८. वडा नम्बर ४ को डाँडाखर्क खराने पानी क्षेत्र र वडा नम्बर ७ को जालिम क्षेत्रमा पर्यटन प्रवर्द्धनको कार्य धमाधम भइरहेको छ ।

९. खानेपानीको चरम अभाव रहेको क्षेत्र वडा नम्बर ३ पञ्चन र वडा नम्बर ४ जुबुमा लिफ्टीङ प्रविधिबाट बस्ती सम्म खानेपानी पुर्याउने कार्य धमाधम भइरहेको छ भने यस्ता अन्य थुप्रै जनपक्षीय तथा सामाजिक कार्यहरु भएको कुरा स्मरण गर्दछु ।

यस सम्मानित गाउँसभामा अब म आ.व २०८३/०८४ को नीति तथा कार्यक्रमहरु वाचन गर्ने अनुमति चाहन्छु। यस गाउँपालिकाको दीर्घकालिन सोच ***"कृषि, पर्यटन उर्जा र रोजगारः समृद्ध थुलुङ दुधकोशी निर्माणको आधार"*** रहेको छ र आगामी ५ वर्षका लागि मूल लक्ष्य **"दक्ष, बौद्धिक अनुसन्धानमुलक र उत्पादनशील मानव संसाधन, दिगो पुर्बाधार र प्रबधियुक्त चुस्त, प्रभाबकारी शासकीय व्यवस्थाका माध्यमबाट व्यावसायिक कृषि, पर्यावरण तथा सांस्कृतिक पर्यटनको आधारशिला तयार भई थुलुङ दुधकोशीको विकासको जग बसेको हुने"** रहेको छ। यस सोचलाई कार्यान्वयन गर्नका लागि देहायका रणनीतिहरु अबलम्बन गरिनेछन् ।

- घरेलु तथा साना उद्योगहरूको संरक्षण एवम् प्रवर्धन गर्ने।
- औद्योगिक पूर्वाधार एवम् नीतिगत संरचनाहरू निर्माण गरी उद्योग सञ्चालनमा सहजता ल्याउने।
- स्थानीय उत्पादनहरूलाई प्रोत्साहन गरि बजार प्रवर्धन गर्ने।
- प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ एवम् निर्यातजन्य उद्योगको प्रवर्धन गर्ने।
- ग्रामिण-शहर अन्तरसम्बन्ध विकास (Urban-rural linkage) गर्ने।
- कृषि क्षेत्र लाइ ब्यबसायिक, अनुसन्धानमुलक र रोजगार उन्मुख बनाउने।
- सांस्कृतिक पर्यटनको विकास गर्ने।
- जलस्रोत क्षेत्रको संरक्षण र उत्पादनशील प्रयोगमा जोड दिने।
- बालबालिका लाई रोजगार मुलक शिक्षामा संलग्न गराउने।
- शिक्षकहरुको बौद्धिक विकास का लागि बिशेष कार्यक्रम गर्ने।
- स्वास्थ्य क्षेत्रको दिगो ब्यबस्थापनका लागि प्रबिधिमैत्री अनुसन्धानमुलक प्रणाली को विकास गर्ने।
- अति बिपन्न वर्गको दिगो आर्थिक सवलिकरण गर्ने।

- टोल विकास समिति लाई गाउँपालिकाको सामुदायिक साझेदारका रुपमा विकास गर्ने।
- देउसा कृषि बन अध्ययन केन्द्र र थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने।

**मान्य सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३/८४ मा राखिएको उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने विशिष्टिकृत, क्षेत्रगत प्रमुख नीतिहरू तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति  चाहन्छु।

**नीति तथा कार्यक्रमहरू**

संविधानले प्रदान गरेका नागरिकका अधिकारहरुको पूर्ण प्रत्याभुति हुने, गरिव, दलित, अल्पसंख्यक तथा वेरोजगार र लक्षित वर्गको आर्थिक स्तर उकास्ने साथै दिगो विकासका दिर्घकालीन लक्ष्यहरुलाई टेवा पुग्ने किसिमका समाजवादी कार्यक्रमहरु लागू गरिने छन्। सक्षम नागरिक, समृद्ध र समुन्नत पालिकाको अभियानलाई अगाडी बढाईने छ। आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँपालिका स्तरीय संचालनमा रहेका र पहिचान गरिएका तपशिलका आयोजनाहरुलाई गाउँपालिकाको गौरवको आयोजनाको रुपमा प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा आवश्यक बजेटको व्यवस्था गरिनेछ।

- नेले देउसा दिप्लीघाट सडक कालोपत्रे
- नेले देखि पालिका केन्द्र सडक कालोपत्रे
- प्रदेश स्तरीय खेल मैदान
- आमा सुरक्षा कार्यक्रम (निरन्तर)
- थुलुङ दुधकोशी अस्पताल (निरन्तर सुधार)
- थुलुङ दुधकोशी बहुप्राविधिक शिक्षालय (निरन्तर सुधार)
- गाउँपालिका स्तरीय चिस्यान केन्द्र
- सुकेपोखरी र डाँडाखर्क पर्यटन सांस्कृतिक क्षेत्र विकास कार्यक्रम
- बृहत जालिम क्षेत्र पर्यटन प्रवर्द्धन
- स्वास्थ्य सेवा हरुको सवलिकरणका लागि काठमाडौं का अत्याधुनिक अस्पताल सँगको साझेदारीता मा टेलिमेडिसिन प्रबिधि को विकास गर्ने।
- गाउँ पालिकाले अति बिपन्न बर्गको पहिचानका सूचक तयार पारी आयआर्जनका कार्यहरु सञ्चालनमा जोड दिइने।

- गाउँपालिका सँग सम्बन्धित समुदाय बसोबास गरेको क्षेत्रमा (स्टोर हाउस) निर्माण गर्ने।
- कृषि क्षेत्रको ब्यबसायिक उन्नतिका लागि Local Government-NGO-Cooperative model को विकास गर्ने।
- "बिशेष कृषक" सिर्जना गरि कृषक तथा गाउँपालिका विच व्यावसायिक साझेदारिता बढाउने।
- खानेपानी  र सिचाई को ब्यबस्थापन तथा र जलविद्युतको विकासमा जोड दिने।
- बौद्धिक क्षमता, लेखन सीप, अनुसन्धान सीप, गणितीय सीप आदिका आधारमा परीक्षण गरि त्यसका आधारमा शिक्षक लाई अनुसन्धानात्मक कार्यमा सरिक गराउन कार्यविधि निर्माण गर्ने।
- स्वास्थ्य कर्मीको स्थायीत्वका लागि उनीहरु लाई अनुसन्धानका अवसर हरुमा संलग्न गराउने।
- अति बिपन्न परिवारका बालबालिका को प्रोफाइल तयार पर्ने र त्यस्ता बालबालिकाको शिप दक्षता परिक्षण गर्ने साथै उनीहरुको क्षमता अभिवृद्धिका लागि बिशेष शिक्षा व्यवस्था गर्ने।
- प्रबिधि मैत्री टोल विकास समिति निर्माण गरि तथ्यांक संकलन, सीप सर्वेक्षण आदि कार्यमा टोल विकास समिति लाई प्रयोग गर्ने। स्थानीय पूर्वाधार विकासका लागि उनीहरु को क्षमता अभिवृद्धि गर्ने।
- थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान मातहत विज्ञ समूह निर्माण गर्न “expert roster” तयार गर्ने।
- गाउँपालिका को वित्तीय स्रोत अभिवृद्धि गर्ने, रोजगारी सिर्जनामा सहयोग गर्ने, आय आर्जन बढाउने, शैक्षिक तथा जन स्वास्थ्यको क्षेत्रमा सकारात्मक प्रभाब पार्ने क्षेत्रमा परियोजना निर्माण गरि वित्तीय स्रोतको खोजि गर्ने।
- थुलुङ दुधकोशीको मोबाईल एप्लिकेशन निर्माण गर्ने र गाउँपालिका सँग सम्बन्धित देश भित्र र बाहिर बस्ने व्यक्ति, परिवार, समुदायलाई उक्त एप्लिकेशन मार्फत जोड्ने व्यवस्था मिलाउने।
- गाउँपालिकासँग सम्बन्धित व्यक्ति, परिवार, तथा समुदायको व्यवसायिक प्रोफाइल निर्माण गर्ने।
- गाउँपालिकामा कुनै न कुनै प्रकारको सहकार्य गर्न चाहने ब्यबसायी तथा समुदाय सँग बिशेष ब्यबसायिक साझेदारिता को विकास गर्ने।

**शिक्षा सम्बन्धी नीति**

१. यस गाउँपालिका अन्तरतग सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको मासिक तलब भत्ता संबन्धित शिक्षक तथा कर्मचारीको नाममा विद्युतीय प्रणालीबाट स्वयम् शिक्षक तथा कर्मचारीको खातामा भुक्तानी हुने व्यवस्था मिलाइनेछ ।

२. समयानुकूल परिमार्जित श्वेतपत्रलाई पुर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ।

३. गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकको प्र.अ. भत्ता वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

४. शैक्षिक सुधारका निम्ति विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने प्रशासनिक खर्च वृद्धि गर्ने व्यबस्था मिलाइनेछ ।

५. निःशुल्क तथा अनिवार्य शिक्षालाई पुर्णरुपमा कार्यन्यवन गरिनेछ भने विद्यार्थी भर्नादर वृद्धि र विद्यालय छाड्ने दर घटाउन अभिभावक, विद्यालय र जनप्रतिनिधिबीच समन्वयात्मक प्रयासहरू अघि बढाइनेछन्।

६. प्रविधिमैत्री विद्यालय निर्माणमा जोड दिदै गुणस्तरीय शिक्षाको प्रत्याभुति सहित सामुदायिक विद्यालय प्रति आकर्षण बढाइने छ ।

७. शैक्षिक गुणस्तर वृद्धिका लागि शैक्षिक मेला, भेला र अन्तरक्रिया कार्यक्रमलाई जोड दिइनेछ ।

८. नेपाल सरकारको नीति अनुसार आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ, जसले स्थानीय आवश्यकताअनुसार शिक्षा प्रणालीलाई व्यवहारिक बनाउनेछ।

९. विद्यालयमा प्रविधिको उपयोगलाई प्रोत्साहित गर्दै स्मार्ट विद्यालयको अवधारणा ल्याइनेछ। एक विद्यालयलाई नमुना स्मार्ट विद्यालयको रूपमा विकास गरिनेछ, जहाँ डिजिटल प्रविधिको माध्यमबाट शिक्षण सिकाइलाई प्रवर्द्धन गरिनेछ।

१०. शिक्षक र विद्यालयहरूको मनोबल अभिवृद्धिका लागि उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई सूचकांकको आधारमा पुरस्कार तथा सम्मान प्रदान गरिनेछ।

११. शिक्षामा नविनतम प्रविधिको समावेश गरी गुणस्तरीय पठनपाठनलाई सुनिश्चित गरिनेछ। गणित, विज्ञान र अंग्रेजी विषयलाई प्राथमिकतामा राखी दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ।

१२. शिक्षक तालिम तथा अभिभावक एवम् सरोकारवालाहरु बीच अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गर्न गैरसरकारी संस्थासँग सहकार्य तथा समन्वय गरिनेछ।

१३. प्रति विद्यार्थी लागत आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विद्यालयहरूलाई उचित अनुदानको व्यवस्था गरिनेछ।

१४. सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापहरूलाई प्राथमिकता दिँदै बहुप्रतिभाशाली विद्यार्थी तथा बहुआयामिक व्यक्तित्व विकास गरिनेछ। अध्यक्षकप, राष्ट्रपति रनिङ्ग शिल्ड लगायतका खेलकुद गतिविधिहरूलाई निरन्तरता दिइनेछ।

१५. विद्यालयका प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गरिनेछ, साथै शिक्षा समितिहरुलाई सक्रिय बनाई पठनपाठनमा नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।

१६. विद्यार्थी शिक्षक अनुपातलाई सन्तुलित बनाउन दरबन्दी मिलान तथा विद्यालय मर्जको काम गरिनेछ।

१७. विद्यालयमा स्वास्थ्य र सरसफाईयुक्त वातावरण निर्माण गर्दै पुनर्निर्माण तथा भौतिक पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ।

१८. अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि आवश्यकता अनुसार आवासीय सुविधा तथा केन्द्र सरकारको सहकार्यमा स्तरीय दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खाजा ल्याउन अभिभावकलाई प्रोत्साहित गरिनेछ।

१९. पोषण सन्तुलन कायम गर्दै जंक फुडलाई प्रतिस्थापन गरी स्थानीय अन्न (धान, मकै, कोदो, फापर, जौ आदि) प्रयोग गरिने पोषण शिविरहरूको आयोजना गरिनेछ।

२०. विद्यालय एकीकरण र स्थापना नीति औचित्य र आवश्यकता अनुसार लागू गरिनेछ, जसले स्रोत व्यवस्थापनमा सहयोग पुर्‍याउनेछ।

२१. बहुप्राविधिक शिक्षालयमा "पढ्दै कमाउँदै, कमाउँदै पढ्दै" कार्यक्रम कार्यान्वयन गरिनेछ, जसले शिक्षालाई आत्मनिर्भरता र रोजगारीसँग जोड्नेछ।

२२. गरिब, दलित, अपाङ्गता भएका, र लोपोन्मुख जातिहरूका लागि नेपालको संविधानको धारा ३१ र ४० अनुरूप निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।

२३. विशेष किशोरी कार्यक्रम तर्फ विद्यालयमा अध्ययनरत छात्राहरूको लागि गुणस्तरिय तथा निशुल्क प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२४. माध्यमिक तहको १०+२ स्तरमा एकभन्दा बढी विद्यालयका विद्यार्थीलाई समेटेर आवासीय सुविधासहित एकीकृत शिक्षण सिकाइ कार्यक्रमको सम्भाव्यता अध्ययन अघि बढाइनेछ।

२५. आधारभूत तहलाई शिक्षाको जगको रूपमा मानेर प्राथमिकता दिइनेछ, र गुणस्तर अभिवृद्धिमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

२६. विद्यालयभित्र बालबालिकाको प्रतिभा पहिचान गर्न विविध अतिरिक्त गतिविधिहरू विस्तार गरिनेछ।

**स्वास्थ्य सम्बन्धी नीति**

१. सुत्केरी महिलाका लागि पोषण आपूर्तिमा केन्द्रित कोशेली कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. कुनैपनि अप्रीय घटना घटी वा शबको व्यवस्थापन गर्ने कार्य प्रयोजनका लागि शब बहान सञ्चलनका आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

३. अध्यक्षको सिफारिसमा असाध्य रोग लागेका गरिब परिवारलाई राहतस्वरूप उपचार सहयोगलाई निरन्तरता दिइने।

४. गम्भीर तथा आपतकालीन विरामीहरूलाई स्वास्थ्य उपचार कोषबाट आर्थिक सहयोग प्रदान गरिनेछ।

५. **"स्वस्थ शरीर, स्वस्थ विचार; समुन्नत पालिकाको बलियो आधार"** भन्ने नारालाई आत्मासाथ गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धनमा जोड दिइने छ ।

६. प्रत्येक वडामा दाँत, आँखा, ल्याब, ECG, भिडियो एक्स-रे सहितको स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

७. निजी क्लिनिक तथा मेडिकल हलहरूबाट प्रदान गरिने सेवाहरूको गुणस्तर अनुगमन गरिनेछ।

८. नियमित खोप सेवा तथा राष्ट्रिय खोप अभियानलाई थप प्रभावकारी बनाइनेछ।

९. स्वास्थ्य क्षेत्रलाई यस थुलुङ दूतकोशी गाउँपालिकाले सदैव प्राथमिकतामा राख्दै आएको छ। विगतमा गर्दै आएको कार्यक्रमहरूको निरन्तरता सहित समुदाय स्वस्थ रहन पहिला आफू स्वस्थ रहनुपर्छ भन्ने मान्यता राख्दै "म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य" भन्ने कार्यक्रम स्थानीय घरघरसम्म स्वास्थ्य प्रवर्द्धन गर्ने कार्यक्रमको व्यवस्था मिलाईनेछ।

१०. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११. टेलिमेडिसिन प्रणाली मार्फत विशेषज्ञहरूसँग प्रत्यक्ष परामर्श हुने व्यवस्था प्रत्येक स्वास्थ्य संस्थामा लागू गरिनेछ।

१२. तालिमप्राप्त स्वास्थ्यकर्मीमार्फत वर्थिङ सेन्टरमै सुरक्षित प्रसूति सेवा सुनिश्चित गरिनेछ।

१३. संक्रमण जोखिममा खटिने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र प्रहरीलाई प्रोत्साहन उपलब्ध गराइनेछ।

१४. वडा नं. ५ मा निर्माणाधीन गाउँपालिका स्तरीय अस्पतालको कार्य सम्पन्न गरि सञ्चालनमा जोड दिइनेछ।

१५. ७० वर्ष नाघेका वृद्धवृद्धा, बालबालिका, गर्भवती र अशक्त व्यक्तिहरूका लागि घरमै स्वास्थ्य परीक्षण सेवा सञ्चालन गरिनेछ।

१६. स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई नियमित रूपमा पुनर्ताजगी तालिम दिइनेछ।

१७. महिलामा देखिने पाठेघर तथा स्तन क्यान्सरको पहिचान र उपचारलाई सहज बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१८. थुलुङ दुधकोशी अस्पतालमा MDGP डाक्टरको निरन्तर व्यवस्था गरी विशेषज्ञ सेवा सहित सर्वसुलभ उपचार सुविधा सुनिश्चित गरिनेछ।

१९. आमा सुरक्षा कार्यक्रम र विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०. लक्षित वर्गका लागि थप एम्बुलेन्ससहित निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

२१. पोषणमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक नीति तथा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२२. समुदायस्तरमा प्रजननसम्बन्धी समस्या पहिचान तथा व्यवस्थापनका लागि पाठेघरको मुख क्यान्सर स्क्रिनिङ र रिङ पेशरी सेवा निरन्तरता दिइनेछ।

२३. वर्तमान समयमा देखिएको मानसिक समस्याहरू तथा उक्त समस्याहरूले निम्त्याउने जटिलताहरू न्यूनीकरण गर्न किशोरकिशोरी लक्षित कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२४. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरू अभिवृद्धि गरिनेछ।

२५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन हुनेछ।

२६. पालिका भित्रका सबै वडाहरुमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**कृषि तथा पशुपालन सम्बन्धी नीति**

१. कृषकको आयआर्जनमा वृद्धि गर्ने उदेश्य सहित अकबरे खोर्सानी, रातो प्याच, सयपत्री फुल, मरिच, भुईकटहर, अदुवा, बेसार, केरा, चिया र कफीजस्ता नगदेबालीको उत्पादन वृद्धि गर्न अनुदान उपलब्ध गराइनेछ।

२. स्थानीय उत्पादन र पहुँचको आधारमा कृषि संकलन तथा विक्री केन्द्रहरू र चिस्यान केन्द्र (कोल्ड स्टोर) स्थापना गरि सञ्चालन गरिनेछ। यस अघि स्थपाना भएकाहरुलाई निरन्तररुपमा प्रभावकारीढंगबाट सञ्चालका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. "एक स्थानीय सरकार एक कृषि उत्पादन" नीति अन्तरगत स्थानीय कृषकद्वारा स्थानीय स्तरमा उत्पादन गरिएका कफीको उचित समर्थन मुल्यमा खरिद गरि कफी प्रशोधन र ब्रान्डिङ केन्द्र स्थापना गरिनेछ। अर्गानिक कफीलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्धन गरिनेछ।

४. कफीमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ कफी उत्पादन तथा बजारीकरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषकको क्षमता अभिवृद्धिका लागि पालिका तथा प्रदेशस्तरीय तालिम केन्द्रहरूसँग समन्वय गरी तालिम र गोष्ठीहरू सञ्चालन गरिनेछ।

६. एक वडा एक सहकारीको स्थापना गरी कृषक ऋण, बजारीकरण, थोक विक्री केन्द्र, सुपथ मूल्य पसल तथा डेरी सञ्चालन गरिनेछ।

७. कृषिमा डिजिटल सेवा र प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउँदै स्मार्ट कृषि प्रणालीमा जोड दिइनेछ।

८. तरकारी खेतीलाई प्रवर्धन तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले गाउँपालिका अन्तर्गतका वडाहरूमा भूगोल सुहाउँदो विभिन्न जातका तरकारीहरूको बिउ खरिद गरी ७५% अनुदानमा वितरण गरिनेछ।

९. बालिनालीमा प्रयोग हुने रसायनिक मल र विषादीलाई प्रतिस्थापन गरी गाउँपालिकालाई विषादीमुक्त क्षेत्र बनाउने नीति अवलम्बन गरिनेछ।

१०. किसानका बाली तथा पशुधनको क्षति न्यूनीकरणका लागि वीमा कम्पनीहरूसँग समन्वय गरी कृषि बाली र पशु बीमाको व्यवस्था गरिनेछ।

११. गाउँपालिकामा उत्पादन हुने सुन्तला, किवी, कागती लगायत नगदेबालीको बजारीकरण र उत्पादन वृद्धिमा जोड दिइनेछ।

१२. अमिलो जातका फलफुल आँप अम्बा लगायत अन्य फलफुलमा लाग्ने मुख्यतया फल कुहाउने औंसा किराको पूर्ण रुपमा नियन्त्रण नभएकोले तथा ढुसी रोगको संक्रमणलाई न्यूनीकरण गर्न मोहनी पासो र निमजन्य जैविक विषादी खरिद गरी वितरण गरिनेछ। फलफुल उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न एकीकृत कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१३. आलु, किवी लगायतका उत्पादनको बिक्रीका लागि वाह्य बजार खोजी तथा व्यवसायीहरूसँग खरिद सम्झौता गरिनेछ।

१४. कृषकलाई खेती प्रविधिका बारेमा जानकारी दिन कृषि प्राविधिकहरूलाई टोलटोलमा परिचालन गरिनेछ।

१५. कृषकले उत्पादन गरेका उपजलाई "कृषि एम्बुलेन्स" प्रयोग गरी टोलटोलबाट संकलन गरी बजारसम्म पुऱ्याइनेछ।

१६. कृषकहरूको उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गरी बजारीकरणमा अनुदानको व्यवस्था गरिनेछ।

१७. धान, गहुँ, कोदो, फापरजस्ता परम्परागत बालीको उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ।

१८. फलफूल बेर्ना उत्पादन स्थानीय स्तरमै गरि निकासी गर्न सकिने अवस्थाको सिर्जना गरिनेछ।

१९. प्राङ्गारिक मल तथा विषादी परीक्षण र उत्पादन केन्द्र स्थापना गरी जैविक कृषि प्रवर्द्धन गरिनेछ।

२०. सार्वजनिक—निजी साझेदारीमा सहकारी, किसान, व्यवसायी, उद्योगीहरूको संयुक्त लगानीमा सहकारी सञ्चालन गरिनेछ।

२१. कृषि उत्पादन प्रवर्द्धन र बजार विस्तारका लागि सरोकारवाला, विज्ञ, जनप्रतिनिधिसहित वृहत कार्यशाला आयोजना गरिनेछ।

२२. गाउँपालिकाभित्र को कृषि उपजहरूको बजारीकरण गर्न तथा कृषि क्षेत्रको व्यावसायिक उन्नतिका लागि स्थानीय सरकार र विकासका साझेदारी गैरसरकारी संस्था हरूसँग सहकार्यमूलक मोडलमा विकास गर्ने आवश्यक कदम चालिनेछ।

२३. कृषि उपजहरूको विविधिकरण विस्तृतरण तथा व्यवसायकरण गर्नका लागि यस गाउँपालिका भित्र रहेका सक्रिय कृषकहरूको एकीकृत डाटाबेस तयार गर्न किसान सूचीकरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

२४. भेटेनरी अस्पताल स्थापनाको सम्भाव्यता अध्ययन गरि छिमेकी स्थानीय तहहरूसँग समन्वय गरिनेछ।

२५. स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरणका लागि गाउँपालिकाको केन्द्र वरपर हाटबजारको विस्तार गरिनेछ।

२६. उत्पादन उपयुक्तता अनुसार विभिन्न स्थानमा कृषि संकलन केन्द्र स्थापना गरिनेछ।

**भौतिक पूर्वाधार विकास (भवन, सडक, यातायात) सम्बन्धी नीति**

१. वडा नम्बर ४, ५ र ९ का नागरिकले भोग्दै आएको यातायात सम्बन्धि समस्यालाई मध्यनजर राख्दै थुलुङ दुधकोशी गाउँपालिका वडा नम्बर ६ मुक्ली र वडा नम्बर ५ जुबु जोड्ने दुधकोशी नदिमा बेलीब्रीज निर्माण सम्पन्न गरि सञ्चालनमा ल्याइनेछ ।

२. थुलुङ दुधकोशी गाउँपालिका वडा नम्बर ५ जुबु बर्खु-पस्कु- सांखे वडा कार्यालय हुँदै सुकेपोखरी र वडा नम्बर ९ लोखिम सम्मको सडक स्तरोन्नती गरि बाह्रै महिना सहजरुपमा यातायात सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

३. गाउँपालिकाभित्रका सडकहरूको लगत कट्टा कार्यलाई निरन्तरता दिइनेछ।

४. अन्तरपालिका तथा अन्तरजिल्ला जोड्ने रणनीतिक सडकहरूको पहिचान गरी निर्माणका लागि अन्य तहहरूसँग सहकार्य गरिनेछ।

५. नेले-बोगल- दिप्लीघाट र नेले—चारघरे पालिका केन्द्र सडक कालोपत्रे गरिनेछ र सबै वडाबाट पालिका केन्द्रसम्मका सडकहरूको स्तरवृद्धि गरिनेछ।

६. गाउँपालिकाको प्रत्येक वडा तथा मुख्य सडकहरूमा वर्षभरि सवारी साधन सञ्चालन हुनसक्ने गरी सडक स्तरोन्नतिको कार्यक्रम लागू गरिनेछ।

७. गउँपालिकाबाट सञ्चालन हुने सबै योजनाहरू टोल विकास संस्थामार्फत कार्यान्वयन गरिनेछ र अनुगमन संयन्त्रलाई सुदृढ गर्न पदाधिकारीलाई अभिमुखीकरण गरिनेछ।

८. गउँपालिका भित्र सञ्चालन हुने सवारी साधनहरूको भाडादर वैज्ञानिक आधारमा निर्धारण गरी लागू गरिनेछ।

९. प्रशासनिक भवन निर्माण बाँकी रहेका वडाहरूमा आवश्यक संरचनात्मक व्यवस्थापन कार्य अघि बढाइनेछ।

१०. नेले-दिप्लीघाट सडक स्तरोन्नतीका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

**शहरी विकास सम्बन्धी नीति**

१. गाउँपालिकाभित्र निर्माण हुने नयाँ भवनहरूलाई ग्रामीण मौलिकता झल्कने स्वरूपमा बनाउन प्रोत्साहित गर्दै घरजग्गा नक्सापासलाई अनिवार्य गरिनेछ।

२. मुख्य सडक तथा गल्लीहरूमा वैज्ञानिक घर ठेगाना प्रणाली (Metric Addressing with Street Naming) लागू गर्दै नामाकरण र घर नम्बर तोक्ने कार्य अघि बढाइनेछ।

३. सार्वजनिक स्थानहरूमा ढल व्यवस्थापनका लागि नेले बजार, सुके बजार लगायतका क्षेत्रहरूमा प्राथमिकताका साथ ढल निकास प्रणाली निर्माण गरिनेछ।
४. गाउँपालिकाको मुख्य सडकहरूमा बहुवर्षीय फलफूल प्रजातिका (जस्तैः ओखर, एभोकाडो) बिरुवाहरू रोपेर हरियाली प्रवर्द्धन गरिनेछ।
५. बजारोन्मुख स्थानहरूमा एकीकृत बस्ती विकास योजना तर्जुमा गर्न सम्भाव्यता अध्ययन तथा योजना निर्माण गरिनेछ।
६. गाउँपालिकाभित्र निर्माण हुने घर, कार्यालय र व्यापारिक कम्प्लेक्सहरूलाई भवन निर्माण संहिताको मापदण्डभित्र रही मात्र अनुमति दिइनेछ।
७. गाउँपालिकाका सडकहरूलाई वर्गीकरण गरी तिनको रेखदेख र व्यवस्थापनको जिम्मेवारी टोल सुधार समितिहरूलाई दिइनेछ।
८. गाउँपालिकाभित्रका विभिन्न क्लब, महिला समूह, गुठी आदि सामुदायिक संस्थाहरूको भवन निर्माणमा आवश्यक सहयोग उपलब्ध गराइनेछ।
९. शहरी पूर्वाधार व्यवस्थित बनाउन र दीर्घकालीन सडक सञ्जाल सुनिश्चित गर्न पालिका सडक गुरु योजना (MTMP ) तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**पर्यटन सम्बन्धी नीति**

१. पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँगको समन्वयमा हरेक गाउँमा होमस्टे सेवा प्रवर्द्धन गरिनेछ।
२. शैक्षिक, धार्मिक र सांस्कृतिक पर्यटनको समुचित विकास गर्दै गाउँपालिकालाई अध्ययन केन्द्रका रूपमा परिचित गराइनेछ।
३. दुधकोशी नदीमा र्‍याफ्टिङ र वञ्जी जम्पको सम्भाव्यता अध्ययन गरिनेछ।
४. थुलुङ राई, शेर्पा, तामाङ, मगर, नेवार, गुरुङ, माझी, जोगी, दलित आदिको मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गरी सांस्कृतिक संग्रहालय निर्माण गरिनेछ।
५. सामुदायिक तथा निजी लगानीमा निर्मित मठ, गुम्बा, भुमे, देवालय जस्ता धार्मिक सम्पदाहरूको मर्मत तथा संरक्षणलाई प्राथमिकता दिइनेछ।
६. सुकेपोखरी, जालिम, घुम्नेपानी र ओगानेम दरबार क्षेत्रलाई सांस्कृतिक र पर्यापर्यटनको केन्द्रका रूपमा विकास गर्दै, सुकेपोखरी-जालिम पोखरी- घुम्नेपानीलाई मुन्दुम ट्रेलसँग जोड्ने कार्यको लागि आवश्यक समन्वय गरिनेछ।
७. डाँडाखर्क र घुम्नेपानी क्षेत्रका लागि पर्यटनसम्बन्धी गुरुयोजना निर्माण गरी पर्यटकीय आकर्षणको क्षेत्रको रूपमा विकास गरिनेछ।

८. जीपलाइन निर्माणको सम्भाव्यता अध्ययन निजी—सरकारी साझेदारीमा आधारित रही उपयुक्त स्थानमा प्रारम्भ गरिनेछ।
९. पर्यटन विज्ञहरूको सहभागितामा पर्यटन प्रवर्द्धन समिति गठन गरी सक्रिय रूपमा परिचालन गरिनेछ र दीर्घकालीन रणनीतिक योजना लागू गरिनेछ।
१०. गाउँपालिकालाई कृषि र पार्या—पर्यटनको संयोजनमा आकर्षक गन्तव्यका रूपमा विकास गरिनेछ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीति**

१. सुकेपोखरी बजार क्षेत्रको ढल व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
२. फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ साइटको व्यवस्था गरिनेछ।
३. बजार क्षेत्रमा निर्माण भएका निजी तथा व्यवसायिक भवनहरूको ढल निकास सैफ्टी ट्याङ्कमार्फत गरिएको छ कि छैन भन्ने अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ।
४. "एक घर, एक धारा" अवधारणा अनुसार प्रत्येक घरमा स्वस्थ खानेपानी सुनिश्चित गर्नका लागि गोर्खा वेल्फेयर ट्रृष्ट र एनवास जस्ता परियोजनाहरुसंग आवश्यक सहकार्य गरि बजेटको व्यवस्था गरि प्रभावकारी ढंगबाट गरिनेछ।
५. गाउँपालिकाको पञ्चन, देउसा र जुबु क्षेत्रमा ग्राभिटी प्रणालीले नपुगेका स्थानमा लिफ्टिङ प्रविधिमार्फत खानेपानी आयोजना सञ्चालन गरिनेछ।
६. खानेपानीका स्रोतहरूको अभिलेखीकरण गरी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ र पुराना ढुंगेधारा तथा पँधेंराहरूको संरक्षणमा जोड दिइनेछ।
७. गाउँपालिकाभित्र सञ्चालन हुने सबै खानेपानी आयोजना तथा स्रोतहरूको मूहान अनिवार्य रूपमा दर्ता गरिने कार्य थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
८. सीसा बोतलमुक्त पालिका निर्माण गर्दै स्वच्छ, हराभरा गाउँपालिकाको अभियानलाई निरन्तरता दिइनेछ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति**

१. "सफा र हरभरा गाउँ, थुलुङ दुधकोशीको सान" अवधारणा कार्यान्वयनका लागि आधुनिक प्रविधियुक्त एकीकृत स्रोत प्रशोधन केन्द्र स्थापना गर्न स्रोत परिचालन र सहकार्यलाई सुदृढ बनाइनेछ।
२. प्लास्टिकजन्य पदार्थको प्रयोगमा प्रतिबन्ध लगाई कपडाका झोलाको प्रयोगलाई प्रोत्साहन गर्दै वातावरणमैत्री उपभोग संस्कार विकास गरिनेछ।

३. बजार क्षेत्रको सौन्दर्य र स्वच्छता अभिवृद्धिका लागि पोल तथा तारहरूको व्यवस्थापन गरिनेछ र टोल सुधार समितिहरूसँग सहकार्यमा सरसफाइ कार्यक्रम जनसहभागिताका आधारमा निरन्तर सञ्चालन गरिनेछ।
४. फोहोरमैला व्यवस्थापनलाई दीगो र संस्थागत बनाउन गाउँपालिकामा "फोहोरमैला व्यवस्थापन कोष" स्थापना गरी सञ्चालन गरिनेछ।
५. व्यवसायिक पशुपंक्षी खोरहरूबाट फैलन सक्ने दुर्गन्ध र प्रदूषण न्यूनीकरणका लागि यस्ता संरचनाहरूलाई सडक तथा बस्ती क्षेत्रहरूबाट कम्तीमा २०० मिटर टाढा राख्ने नीति लागू गरिनेछ।

**ऊर्जा तथा सिँचाइ सम्बन्धी नीति**

१. गाउँपालिका भित्र केन्द्रीय प्रशारण लाइन नपुगेका घरमा पुर्याउने र व्यवस्थित ढंगबाट लाइन बिस्तार नभएको वडा नम्बर १, २, ३, ४, ५,६ र ९ को विभिन्न बस्ती क्षेत्रमा देखिएको समस्या समाधान गर्न तथा व्यवस्थित विद्युत सेवाका लागि चाहिने पोल र तार विस्तार गर्न समन्वय गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
२. प्रमुख व्यापारिक केन्द्रहरूका चोक तथा सडक मार्गहरूमा विद्युतीय सडक बत्तीहरू स्थापना गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्य अघि बढाइनेछ।
३. ग्र्याभिटी र लिफ्टिङ प्रणालीमा आधारित सिंचाइ प्रणालीको विकासद्वारा गाउँपालिकामा वेमौसमी खेतीलाई प्रोत्साहन गरिनेछ।
४. केन्द्रीय प्रशारण लाइन नपुगेका वडाहरूमा राष्ट्रिय विद्युत प्रशारण लाइन विस्तारका लागि आवश्यक समन्वय गरिनेछ।
५. सिंचाई प्रणाली छनोट गर्दा सवै वडा समेटिने, वाली विविधीकरण र व्यवसायिक उत्पादनमा योगदान पुर्‍याउने प्रणालीलाई प्राथमिकता दिइनेछ, र यसको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
६. लघुजलविद्युत् आयोजना अन्तर्गत प्रयोगमा रहेका पोल, तार तथा अन्य भौतिक एवं जिन्सी सामग्रीहरूको व्यवस्थित पुनः प्रयोग र व्यवस्थापन गरिनेछ।

**सूचना, सञ्चार तथा प्रविधि सम्बन्धी नीति**

१. कागजविहीन प्रशासनिक प्रणालीको प्रवर्द्धन गर्दै योजना सम्झौतादेखि फछ्र्यौटसम्मका सबै प्रक्रिया कम्प्युटर तथा अनलाइन प्रणालीबाट सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२. अप्टिकल फाइबर नेटवर्क विस्तारका लागि आवश्यक पहल गरिनेछ, जसबाट भरपर्दो र उच्चगतिको इन्टरनेट सेवा गाउँपालिकाभित्र उपलब्ध हुनेछ।
३. सूचना प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गर्न गाउँपालिका र वडा कार्यालयका कर्मचारीहरूलाई आवश्यक सूचना प्रविधि तालिम उपलब्ध गराइनेछ।\
४. गाउँपालिकाभित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरू तथा विद्यालयहरूको ले सञ्चालन गरिरहेका सूचना प्रविधिजन्य क्रियाकलापहरूलाई एउटै प्ल्याटफर्ममा ल्याउन तथा एकीकृत रुपमा सञ्चालनसहितको अनुगमन तथा नियमन सम्बन्धी प्रविधिको विकास गर्न सूचना प्रविधि विकास योजना निर्माण गरिनेछ।
५. डिजिटल गाउँपालिका अवधारणा कार्यान्वयन गर्न सूचना प्रविधिको प्रयोगसम्बन्धी जनचेतना बढाउन "डिजिटल साक्षरता अभियान" सञ्चालन गरिनेछ।
६. गाउँपालिकाबाट प्रदान गरिने सबै सेवा तथा आन्तरिक प्रशासनिक कार्यहरू ई-गभर्नेन्स प्रणाली अन्तर्गत विद्युतीय माध्यमबाट सञ्चालन गरिनेछ।
७. प्रत्येक विद्यालयमा उपलब्धताअनुसार उच्च गतिको इन्टरनेट जडान गर्न पहल गरिनेछ, साथै हाल उपलब्ध सेवाको अधिकतम उपयोगमा जोड दिइनेछ।
८. सञ्चारमाध्यममार्फत सूचनाको पहुँच विस्तार गर्दै पारदर्शिता र सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।
९. सार्वजनिक स्थलहरुमा फ्री वाइफाईको व्यवस्था गरिनेछ ।
१०. गाउँपालिकाभित्र ४G तथा ५G इन्टरनेट सेवासहितको नेटवर्क विस्तार गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ।
११. गाउँपालिकालाई पूर्ण रूपमा डिजिटल संरचना भएको आधुनिक "डिजिटल गाउँपालिका" मा रूपान्तरण गर्न दीर्घकालीन योजना कार्यान्वयन गरिनेछ।

**वन तथा वातावरण सम्बन्धी नीति**

१. लोपोन्मुख बन्यजन्तु, चराचुरुङ्गी, जैविक विविधता तथा पारिस्थितिक प्रणालीको सन्तुलनका लागि विशेष संरक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ।
२. ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणीय प्रभाव न्यूनीकरण गर्न प्रारम्भिक वातावरणीय परीक्षण सकिएको खोलाबाट मात्र संकलन गरिनेछ, र सिफारिस अनुरूपको प्रभावकारी अनुगमन प्रणालीलाई निरन्तरता दिइनेछ।
३. प्रत्येक वडामा रिचार्ज पोखरी निर्माणको व्यवस्था गरी भू—जल पुनः भरण तथा जल स्रोत संरक्षणमा टेवा पुऱ्याइनेछ।

४. सामुदायिक वन उपभोक्ता समितिका वार्षिक वन पैदावार विक्री कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्नेछ, र आयबाट राजस्व संकलनमा योगदान पुर्‍याउने कानुनी व्यवस्था गरिनेछ।
५. वातावरणमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक तयारी र पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ।
६. नवीकरणीय ऊर्जाको उत्पादन तथा प्रयोग प्रोत्साहन गर्न, साथै जलवायु परिवर्तन अनुकूलन कार्यक्रम निजी तथा गैरसरकारी क्षेत्रको सहकार्यमा सञ्चालन गरिनेछ।
७. सार्वजनिक स्थान र सरकारी कार्यालय क्षेत्रहरूमा अनिवार्य रूपमा वृक्षारोपण तथा उद्यान निर्माण गरिनेछ, जसका लागि 'एक वडा एक हजार विरुवा÷ कार्यक्रम लागू गरिनेछ।
८. गाउँपालिकाको उपयुक्त स्थानहरूमा ईको पार्क, चिल्ड्रेन पार्क र पिकनिक स्थलको विकासलाई व्यवहारिक रूपमा अगाडि बढाइनेछ।
९. गाउँपालिकाभित्रका सडक किनारहरूमा बहुवर्षे फलफूलका विरुवा रोपेर हरियालीयुक्त सडक विकासलाई प्रोत्साहन गरिनेछ।

**सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीति**

१. सार्वजनिक सेवा प्रवाह हुने कार्यालय तथा स्थानहरूमा जडान गरिएका सीसी क्यामेराहरूको पुनरावलोकन, मर्मत—सम्भार गरी तिनको दीगो सञ्चालन सुनिश्चित गरिनेछ।
२. जनताको गुनासो सुनुवाइ तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धिका लागि "हेलो थुलुङ दुधकोशी" कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. सामाजिक सुरक्षा भत्ता तथा कार्यालयगत सबै भुक्तानीहरूलाई पूर्ण रूपमा डिजिटल माध्यमबाट सञ्चालन गरिनेछ, जसले पारदर्शिता र दक्षता वृद्धि गर्नेछ।
४. योजना प्रणालीलाई कागजविहीन बनाउँदै सफ्टवेयर प्रणालीमार्फत संचालन गरिनेछ, जसले सम्झौतादेखि फछ्र्यौटसम्मका प्रक्रियालाई प्रभावकारी बनाउनेछ।
५. नागरिक गुनासो तथा उजुरी संकलन प्रक्रिया प्रभावकारी बनाइनेछ, साथै सेवा प्रवाह र विकास निर्माणमा तेस्रो पक्ष (नागरिक समाज संस्थाहरू) बाट स्वतन्त्र मूल्याङ्कनको व्यवस्था गरिनेछ।
६. गाउँपालिकाबाट प्रवाह हुने सबै सेवाहरूलाई थप सरल, पहुँचयोग्य र नागरिकमैत्री बनाउन छुट्टै हेल्पडेस्कको व्यवस्था गरिनेछ।

७. नियमित त्रैमासिक सार्वजनिक सुनुवाइ तथा अर्धवार्षिक सामाजिक परीक्षणमार्फत जवाफदेहिता अभिवृद्धि गरिनेछ।

८. जनप्रतिनिधि र जनतालाई जोड्ने उद्देश्यले जिल्लास्थित एफएम स्टेशनहरूबाट साप्ताहिक "जनतासँग जनप्रतिनिधि" रेडियो कार्यक्रम सञ्चालन गरिनेछ।

९. आवश्यकताअनुसार जनशक्ति व्यवस्थापन, कर्मचारी मनोबल अभिवृद्धि तथा संस्थागत क्षमता विकास गर्न प्रोत्साहन तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ, साथै संगठन पुनर्संरचनाको कार्यलाई निरन्तरता दिइनेछ।

१०. गाउँपालिका तथा वडाबाट प्रदान गरिने पञ्जीकरण, स्वास्थ्य, भेटेनरीलगायतका सेवाहरूलाई "घुम्ती सेवा" मार्फत नागरिकको सहजताका लागि टोल बस्ती संगै संघीय राजधानी काठमाडौमा समेत सेवा प्रदान गरिएको कार्यलाई निरन्तरता दिइनेछ ।

११. राष्ट्रिय परिचयपत्र वितरण कार्य वडा—वडाबाटै उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक समन्वय तथा पहल गरिनेछ।

**महिला, वालवालिका जेष्ठ नागरिक तथा अपांगतर्फ**

**महिला सम्बन्धी नीति**

१. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद विरुद्ध शून्य सहनशीलताको नीति लागू गर्दै रोकथामका लागि कानुनी उपचार प्रणाली सहज, छिटो र सर्वसुलभ बनाइनेछ।

२. विपन्न तथा पछाडि परेका वर्गका महिलाहरूलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

३. स्थानीय तहबाट गठन हुने समिति र उपसमितिहरूमा कानून अनुसार समानुपातिक समावेशीता सुनिश्चित गरिनेछ।

४. वाल विवाह न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम लागु गरिनेछ र विद्यालयमा बालिकालाई निशुल्क सेनिटरी प्याड वितरण गरिनेछ।

५. परम्परागत सीप भएका महिलाहरूको तथ्यांक संकलन गरी ती सीपहरू नयाँ पुस्तामा हस्तान्तरण गरिनेछ, साथै आधुनिक सीप विकास गरी आत्मनिर्भरता प्रवर्द्धन गरिनेछ।

६. महिलाहरूलाई प्रत्यक्ष रोजगारी सिर्जना हुने तथा आम्दानीमूलक सीप विकास तालिमहरू सञ्चालन गरिनेछन्।

७. महिला सम्बन्धी सबै कार्यक्रम महिला समूहहरूसँग सहकार्य गरी संचालन गरिनेछ।

८. एकल महिलाहरूलाई लक्षित गरी सीपमूलक कार्यक्रमहरू सञ्चालन गरी आत्मनिर्भर बनाइनेछ।

९. गाउँपालिकामा निर्माण हुने भौतिक संरचनाहरूमा लैंगिकमैत्री नीति अपनाइनेछ।

**बालबालिका सम्बन्धी नीति**

१. जन्मिएको ३५ दिनभित्र शतप्रतिशत जन्म दर्ता गर्ने व्यवस्था निरन्तर गरिनेछ।

२. गाउँपालिका र वडाहरूलाई बालमैत्री क्षेत्र घोषणा गर्न आवश्यक तयारी थालनी गरिनेछ।

३. बालबालिकाको क्षमता विकासका लागि बाल क्लब, बाल सञ्जाल र किशोरी समूह गठन गरी अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. प्रत्येक बालबालिकालाई अनिवार्य खोपको सम्पूर्ण मात्रा सुनिश्चित गरिनेछ।

५. उमेर पुगेका भए पनि विद्यालय भर्ना नभएका बालबालिकालाई पालिका र समुदायको साझेदारीमा विशेष अभियानमार्फत विद्यालयमा भर्ना गराइनेछ।

६. गाउँपालिकाभित्र निर्माण हुने सबै भौतिक संरचनाहरूलाई बालमैत्री बनाउने नीति लागू गरिनेछ।

**अपाङ्गता सम्बन्धी नीति**

१. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई वित्तीय सबलीकरण वृद्धि गर्न अघिल्लो वर्ष मिलिजुली समूह गठन भएका तर बिउ पुँजी रकम विनियोजन नभएको हकमा यस वर्ष बाँकी मिलिजुली समूहलाई मिलिजुली बिउ पुजी रकम विनियोजन गरिएको छ।

३. अपांगमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक बजेट व्यवस्था गरी प्रदेश सरकारसँग समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ।

४. गाउँपालिकाभित्र निर्माण हुने सबै संरचनाहरूलाई अपांगमैत्री डिजाइन र निर्माणका मापदण्ड अनुसार अनिवार्य रूपमा निर्माण गरिनेछ।

५. अपांगता भएका व्यक्ति र असहायहरूको ज्ञान तथा सीपहरूको विवरण संकलन गरी नियमित रूपमा अद्यावधिक गरिनेछ।

६. अपांग र असहाय व्यक्तिहरूले अघि सारेका कृषि तथा लघु उद्यम परियोजनाहरूलाई अनुदान उपलब्ध गराइनेछ।

७. महिला, बालबालिका तथा दलितसँग अध्यक्ष कार्यक्रमको शुरूवात गरिनेछ।

**ज्येष्ठ नागरिक-सामाजिक सुरक्षा सम्बन्धी नीति**

१. वृद्धवृद्धालाई घरघरमै स्वास्थ्य जाँच गराइने र नेपाल सरकारबाट उपलब्ध निशुल्क औषधीहरू प्रदान गरिनेछ।

२. जेष्ठ नागरिकलाई सम्मान तथा तीर्थयात्राका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. गाउँपालिकामा एक ज्येष्ठ नागरिक हेरचाह केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

४. वृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाउन विभिन्न बैंक र वित्तीय संस्थासँग सहकार्य गरी वडा—वडामा वितरण व्यवस्था गरिनेछ।

५. जेष्ठ नागरिकहरूको संस्कार, अनुभव र सामाजिक व्यवहार आगामी पुस्तासम्म अन्तर्क्रियात्मक कार्यक्रममार्फत हस्तान्तरण गरिनेछ।

**विपद् व्यवस्थापन सम्बन्धी नीति**

१. विपद् जोखिम न्यूनीकरण र नियन्त्रणका लागि प्रदेश, संघीय सरकार तथा गैर—सरकारी संघ—संस्थासँग समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ।

२. गाउँपालिकामा विपद् प्रतिकार्य योजना निर्माण गरी व्यवस्थित र समन्वित विपद् व्यवस्थापन सुनिश्चित गरिनेछ।
३. गाउँपालिकाको विपद जोखिम नक्सांकन गरी जोखिमयुक्त क्षेत्रहरू पहिचान गरिनेछ र तत्काल राहत तथा उद्धारका लागि खुला क्षेत्रको व्यवस्था समेत गरिनेछ।
४. बाढी, पहिरो, आगलागी, ढडेलो र अपराधिक क्रियाकलापबाट घाइतेहरूको शीघ्र उद्धार तथा उपचारको व्यवस्था गरी आर्थिक अवस्था अनुसार उपचार खर्च सहयोग गरिनेछ।
५. विपद् सूचना प्रणालीलाई सुदृढ पार्दै पुराना र नयाँ प्रविधि (साइरन, सीसी क्यामेरा आदि) को अधिकतम प्रयोग गरिनेछ।
६. विपद् व्यवस्थापन कोष स्थापना गरी विपद् प्रभावित व्यक्तिहरूलाई तत्काल राहत र आवश्यक सामग्री उपलब्ध गराइनेछ।
७. विपद् पछिको पुनर्निर्माण र पुनर्स्थापनाका लागि बालबालिका, महिला र ज्येष्ठ नागरिक लक्षित अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
८. गाउँप्रहरीलाई विपद् व्यवस्थापन र उद्धार तालिम प्रदान गरिनेछ र एम्बुलेन्स, दमकल लगायतका सवारी साधन प्रभावकारी रूपमा परिचालन गरिनेछ।

**राजश्व तथा कर प्रशासन सम्बन्धी नीति**

१. करको दर नभइ दायरा वृद्धि गर्ने नीति अबलम्बन गरिनेछ ।
२. करदाता शिक्षालाई प्रभावकारी बनाउँदै गाउँपालिकाभित्रका सबै व्यवसायहरू (होटल, पसल, उद्योग आदि) लाई कर दायरामा ल्याउन जनचेतनामूलक र रणनीतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
३. गाउँपालिकाको दिगो आम्दानी स्रोतहरूको पहिचान गरी करको दायरा विस्तार गरिनेछ।
४. राजस्व संकलन प्रक्रिया प्रविधिमैत्री बनाउँदै नगदी रसिदबाट संकलन प्रणालीको अत्य गरि विद्युतीय माध्यमबाट करदातालाई करभुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।
५. राजस्व प्रणालीमा पूर्ण अनलाइन सफ्टवेयर प्रणाली (SUTRA) लागू गरि सम्पूर्ण राजस्व संकलन अनलाइनबाट सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

**रोजगारी सम्बन्धी नीति**

१. श्रमको सम्मान राष्ट्रको अभियानसम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिनेछ। साथै रोजगार संवाद मञ्चको सञ्चालनको व्यवस्थापन गरिनेछ।

२. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरूलाई मापदण्डअनुसार रोजगारी प्रदान गर्ने कार्य निरन्तरता दिइनेछ र प्रत्येक वडामा बेरोजगारहरूको तथ्यांक संकलन गरी रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिनेछ।

३. वर्षमा कम्तीमा २०० जनालाई रोजगारमूलक तालिम प्रदान गरी रोजगारी सिर्जना गरिनेछ।

४. यस गाउँपालिकाभित्र रहेका दक्ष अर्ध दक्ष तथा अ दक्ष जनशक्तिहरूलाई रोजगार उन्मुख बास तथा काठबाट बन्ने सामग्रीहरूको उत्पादन सम्बन्धी विकास तालिम प्रदान गरी स्वरोजगार तर्फ उन्मुख हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५. विदेशबाट फर्किएका आप्रवासीहरू ले आर्जन गरेका ज्ञान सीप तथा अनुभवहरूलाई स्थानीयकरण गर्न आप्रवासी रिटर्नीहरूको सूचीकरण गर्ने कार्य अगाडि बढाइनेछ। त्यसका लागि रिटर्निङ स्वयंसेवकहरू परिचालन गरी रिटर्नी सञ्जाल गठन गरिनेछ।

६. स्थानीय सिपहरू (जस्तै प्लम्बिङ, कार्पेन्ट्री, मेसोनरी, पेन्टिङ, वायरिङ) मा तालिम प्रदान गरी आत्मनिर्भरता प्रवर्द्धन गरिनेछ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनामा आवश्यक पर्ने निर्माण सामग्री (ढुवानी, ढुंगा, तारजाली, सिमेन्ट, बालुवा) खरिदका लागि गाउँपालिकाबाट बजेट व्यवस्था गरिनेछ।

**गैर-रकारी संघ-संस्था सम्बन्धी नीति**

१. "विकासका लागि हातेमालो अभियान" अन्तर्गत कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी, सीप विकास तालिम, फोहोरमैला व्यवस्थापन लगायतका सामाजिक क्षेत्रहरूमा गैर—सरकारी संस्थाहरूको सहभागितामा लागत साझेदारीका आधारमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**भूमि सुधार सम्बन्धी नीति**

१. भुमि संम्बन्धि सेवा गाउँपालिकाबाटै प्रदान गर्नका लागि आवश्यक बजेटको व्यवस्थाको गरिनेछ ।

२. भूमिहीन तथा अव्यवस्थित वसोवास गर्नेहरूलाई जग्गाधनी प्रमाणपत्र वितरण गरी व्यवस्थित बसोबासको व्यवस्था गरिनेछ। यसको लागि भुमि समस्या समाधान आयोग जिल्ला समितिको कार्यालय सोलुखुम्बुसँग आवश्यक समन्वय गरिनेछ।

३. गाउँपालिकाले तयार पारेको भू-उपयोग योजना पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।

४. गाउँपालिका कार्यालयबाटै भूमिको नक्सा प्रिन्ट गर्न सकिने सुविधा निरन्तरता दिइनेछ।

**उद्योग सम्बन्धी नीति**

१. स्वरोजगार सृजना गर्नका लागि ढाका उद्योग, जुस उद्योग, साबुन, सरफ, फिनेल लगायत घरेलु उद्योग कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
२. स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगहरूलाई विशेष अनुदान उपलब्ध गराइनेछ।
३. साना तथा मझौला उद्योगहरू जस्तै चिया खेती, किवी प्रशोधन, आलु चिप्स/फ्रेन्च फ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्स्य पालनलाई अनुदान र प्रोत्साहन गरिनेछ।
४. उद्योग व्यवसाय प्रवर्द्धनका लागि सुरक्षा निकायहरूसँग समन्वय गरी गाउँपालिकालाई उद्योगमैत्री बनाउने नीति कायम गरिनेछ।
५. भाँडाकुडा, सिलाइ, छालाजुत्ता जस्ता परम्परागत सीपहरूको व्यवसायीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
६. क्रसर उद्योगलाई वातावरणमैत्री र जोखिमरहित संचालन गर्न दर्ता प्रक्रिया सहजीकरण गरिनेछ।
७. गैरसरकारी निकायहरूसँग समन्वय गरी नयाँ उद्यमी विकासमा सहयोग प्रदान गरिनेछ।

**खेलकूद सम्बन्धी नीति**

१. "एक वडा एक खेल मैदान तथा एक विद्यालय एक खेल शिक्षक" को नीति लागू गरिनेछ।
२. निर्माणाधीन प्रदेश स्तरीय खेलग्राम पूरा गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।
३. भलिबल, डण्डिवियो, बाघचाल, कबड्डी लगायत परम्परागत खेलहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ।
४. विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरू नियमित रूपमा आयोजना गर्न बजेटको व्यवस्था गरिनेछ।

**वित्त तथा सहकारी सम्बन्धी नीति**

१. सबै वडाका नागरिकहरूको बैंकिङ पहुँच विस्तार गर्न आवश्यक पहल गरिनेछ।
२. गाउँपालिकाको प्रत्यक्ष लगानी र निजी क्षेत्रसँगको साझेदारीमा गाउँ विकास सहकारी स्थापना गरी किसानलाई सहज कृषि ऋण उपलब्ध गराइने व्यवस्था गरिनेछ।
३. "एक वडा एक सहकारी" अभियान प्रवर्द्धन गरी सहकारीमार्फत उत्पादित वस्तु तथा सेवा प्रोत्साहित गरिनेछ।

४. सहकारीहरूसँग सहकार्य गरी आर्थिक—सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ र सहकारी डेस्क स्थापना गरी अनुगमन तथा नियमन गरिनेछ।

५. सहकारीहरूको लेखा प्रणाली सुधारका लागि आवश्यक तालिमहरू प्रदान गरिनेछ।

**साझेदारी सम्बन्धी नीति**

१. गाउँपालिकाको दीर्घकालीन आम्दानी स्रोत सिर्जना गर्न सरकारी र निजी बैंक तथा अन्य संघ—संस्थासँग ऋण, अनुदान र आर्थिक साझेदारीमा आयोजना सञ्चालन गरिनेछ।

२. सिमाना जोडिएका पालिकाहरूसँग समन्वय गरी बहुपालिका विकास साझेदारी कार्यक्रमलाई अगाडि बढाइनेछ।

३. गाउँपालिका भित्र निर्माण तथा मर्मत हुने सडक, खानेपानी, ढल लगायत पूर्वाधारका लागि उपभोक्ता र अन्य निकायसँग लागत साझेदारीलाई प्राथमिकता दिइनेछ।

**कला, संस्कृति, धर्म र स्थानीय सीप प्रवर्द्धन सम्बन्धी नीति**

१. गाउँपालिकामा हुने औपचारिक कार्यक्रममा खदा तथा व्याचको सट्टा स्थानीय सीप र उत्पादनबाट निर्मित फुर्का, धजुरा, ङिमारी आदिको प्रयोगलाई निरन्तरता दिइनेछ।

२. ओगानेम क्षेत्रलाई ऐतिहासिक सांस्कृतिक क्षेत्रको रूपमा विस्तार गरिनेछ।

३. पानी पँधेरो, कुवा, चौतारो, पीपल चौतारी जस्ता स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

४. गाउँपालिकाभित्र रहेका सम्पूर्ण धर्म, संस्कृति र संस्कारको जगेर्नामा विशेष भूमिका निर्वाह गरिनेछ।

५. खाडीको दौरा सुरुवाल, विनायो, मुर्चुङ्गाको खोल, कांगियो, थाक्रो, हँसियाको दाप जस्ता बुनाई तथा कलासँग सम्बन्धित सीप विकासका लागि आवश्यक व्यवस्था गरिनेछ।

**न्याय सम्बन्धी नीति**

१. राष्ट्रिय नारा "विवादको साटो मेलमिलापको बाटो" लाई आत्मसात गर्दै मेलमिलापलाई प्राथमिकता दिइनेछ।

२. न्यायिक प्रक्रिया सरल र न्यायमा नागरिकको पहँच बढाउन प्राप्त भएका उजुरीहरू वडाबाटै अनलाइन प्रणालीमार्फत दर्ता गर्न सकिने व्यवस्था गरिनेछ।

३. प्रत्येक वडामा मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धी गरि क्रियाशील तथा प्रत्साहित गराउँदै सामान्य विवादहरू वडास्तरमै मेलमिलाप केन्द्रबाट समाधान गरिनेछ।

**दिगो विकास सम्बन्धी नीतिः**

संयुक्त राष्ट्र संघले तय गरेको १७ वटा लक्ष्य अन्तर्गतका परिसुचक बमोजिमका कार्यक्रमहरु संचालनमा ल्याई दिगो विकासको लक्ष्य हासिल गर्ने कार्यमा योगदान पुऱ्याईनेछ।

**मान्य सदस्यज्यूहरुः**

राष्ट्रियस्तरमा वर्तमानको राजनीतिक समिकरणको अवस्थाले सिर्जना गरिदिएको राजनीतिक अस्थिरता तथा विश्वका विभिन्न राष्ट्रविचको विवादले वैदेशिक रोजगारीमा परेको असरका कारण देशभरी नै वेरोजगारी बढेको अवस्थामा थुलुङ दुधकोशी गाउँपालिकाले आव २०८३/८४ मा रोजगारी अभिवृद्धि, कृषि उत्पादनमा वृद्धि तथा उपयुक्त वजारीकरण, स्थानीय सीप तथा उद्यम प्रवर्द्धन गरी स्थानीय जनताको आर्थिक अवस्था उकास्ने खालका कार्यक्रम तय गर्ने र सो कार्यमा सबैबाट सहयोगको अपेक्षा गरिएको छ।

अन्त्यमा, गाउँपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक समावेशीकरण, भौतिक पूर्वाधार, वातावरण व्यवस्थापन लगायतका हरेक क्षेत्रमा समानुपातिक विकास गरी गाउँपालिकालाई समुन्नत बनाउने महान् कार्यमा यहाँका राजनीतिक दल, समाजसेवी, नागरिक समाज, कर्मचारी, गैर आवासीय नेपाली समेत सम्पूर्ण पालिकावासीको सकरात्मक योगदान हुनेमा पूर्ण विश्वास साथ सबैमा आभार प्रकट गर्न चाहन्छु।

धन्यवाद।